



ISSN: 2990-7993(P)

Dhaulagiri Journal of Contemporary Issues

Vol 3, Issues 1

June, 2025

DOI: https://doi.org/10.3126/djci.v3i1.79684

**Published by**: Research Management Committee,
Dhawalagiri Multiple Campus, Baglung

**Home Page**: https://dmcjournal.edu.np/index.php/DWJCI

**Nepjol Home Page:** https://www.nepjol.info/index.php/djci

# पर्वत राज्यमा आयका स्रोतहरू : एक ऐतिहासिक तथ्य विश्लेषण

सुदर्शन सिलवाल, विद्यावारिधि
सहप्राध्यापक, अर्थशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय
Email: s.silwal11@yahoo.com
ORCID iD: https://orcid.org/0009-0000-4181-6522

## लेखसार

पर्वत तत्कालीन नेपालको चौबीसे राज्यअन्तर्गत पर्ने शक्तिशाली राज्य हो । यस लेखमा ऐतिहासिक कालखण्डको शक्तिशाली पर्वत राज्यको आयकरका स्रोतहरूलाई अध्ययनको विषय बनाइएको छ । तत्कालीन पर्वत राज्यका आर्थिक पक्षहरूको खोजमूलक अध्ययन गर्ने उद्देश्यमा केन्द्रित यस लेखका लागि उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा अध्ययनको क्षेत्र चयन गरिएको छ । ऐतिहासिक तथा तुलनात्मक अनुसन्धान ढाँचामा आधारित रहेर गरिएको यस अध्ययनमा वृतान्त, जनश्रुति, जानकार व्यक्तिबाट प्राथमिक स्रोतका सामग्रीका साथै अभिलेख, वंशावली, प्रकाशित पुस्तक तथा लेखहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । ऐतिहासिक तथ्यलाई आधार बनाएर पर्वत राज्यका आयका स्रोतहरूमा अध्ययनलाई सीमित गरिएको छ । यस विषयमा केन्द्रित भएर अहिलेसम्म गहन अध्ययन हुन नसकेको रिक्ततालाई परिपूर्ति गर्न प्राप्त हुन आएका सूचना एवम् तथ्यहरूलाई विश्लेषण गरी यो खोजमूलक लेख तयार गरिएको हो । पूर्वमध्यकालमा धवलागिरि क्षेत्रमा धवलस्रोत र मंग्वर राज्य भएको उल्लेख छ । हिमालको काखबाट बग्ने म्याग्दी नदी र रघुगङ्गाको आसपासको क्षेत्रलाई धवलस्रोत क्षेत्र तथा वर्तमान बागलुङ जिल्लाको निसीभुजी अर्थात् लाममेला र तमान मंग्वर क्षेत्रको केन्द्र भएको पाइएको छ । पर्वत राज्यमा कृषि तथा पशुपालन व्यवसाय, उद्योग तथा व्यापार र खानीले प्रभाव जमाएको पाइन्छ । त्यसबेला मापनका लागि मुठी, चिम्टी, सेर, बिसौनी, धार्नी, माना, पाथी, कुरुवा आदिको प्रयोग हुने गरेको पाइएको छ । पर्वत राज्यमा तामाका मुद्रा टङ्कन गर्न थालिएको भए तापनि ग्रामीण क्षेत्रमा वस्तुविनिमय प्रथा नै प्रचलनमा रहेको देखिन्छ । पर्वतका राजाहरूले आफूले गरी दिएका कागजपत्र वा ताम्रपत्रहरूमा आफ्नो मुद्रा छाप लगाइदिने गरेको पाइन्छ । कुत, कर र जिन्सीबाट राज्यले आय प्राप्त गर्ने गरेको पाइएको छ । सार्वजनिक निर्माणका कार्यमा झारा प्रथा अनिवार्य भएकाले यसबाट हुने लागत वचत पनि आयको मुख्य स्रोत देखिन्छ । तत्कालीन पर्वत राज्य आर्थिक दृष्टिले स्वावलम्बी र आत्मनिर्भर थियो भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ । यो लेख निति निर्माणकर्ता, स्थानीय सरकार र यस विषयमा थप अध्ययन गर्न चाहने अनुसन्धाताहरूलाई उपयोगी हुनेछ ।

*शब्दकुञ्जी :* अर्थव्यवस्था, आयस्रोत, खानी, जागिर, व्यवसाय, पर्वत राज्य

**Article Information**

**Received**: 11 February, 2025 **Reviewed:** 15 February, 2025 - 14 March, 2025 Revised: 15 March, 2025- 4 May, 2025

**Accepted:** 7 May, 2025 **Published:** 2 June, 2025

*Corresponding Author:* Sudarsahn Silwal

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

## परिचय

मध्यकालीन नेपालका चौबीसे राज्यहरूमध्ये पर्वत पनि एक थियो । यस राज्यलाई त्यतिबेला सोह्रहजार पर्वत भनिन्थ्यो । त्यतिबेलाका अन्य राज्यहरूमा भन्दा यहाँ ठूला ठूला पहाडहरू भएको हुँदा यसलाई पर्वत राज्य भनिएको होला भन्ने विद्वान्हरूको भनाइ रहेको छ । यस राज्यको पूर्वमा मोदिखोला, पश्चिममा जुम्ला, दक्षिणमा गुल्मी र गलकोट तथा उत्तरमा भोट पर्दथ्यो (मल्ल, २०२८) । यस राज्यको अर्थतन्त्र ( आम्दानी, रोजगार, घरेलु उद्योग र व्यापार) खानी र व्यापारमा आश्रित थियो (उपाध्याय, २०७४, पृ. २२४) । पर्वत राज्यको अर्थव्यवस्था केकस्तो थियो भन्ने विषयमा अध्ययन गर्दा नेपालको ऐतिहासिक पक्षलाई समेत केलाउनुपर्ने हुन्छ । वैद्य र बज्राचार्य (२०५५) का अनुसार नेपाल सम्वत् प्रारम्भ हुनुभन्दा पहिलेको समय वा वि. सं. ९३६ (सन् ८७९) लाई प्राचीनकाल, नेपाल सम्वत् प्रारम्भदेखि नेपालमण्डलका काठमाडौँ उपत्यकाका तीनओटा राज्यहरू : कान्तिपुर, ललितपुर र भक्तपुर गोरखा राज्यमा विलय भएको समयसम्मको अवधि वा वि. सं. ९३६ देखि १८२६ सम्मको समयलाई मध्यकाल र त्यसपछिको समयलाई आधुनिककाल भनिएको छ (बानियाँ, २०७५, पृ. ९-१२) । साथै वि. सं. ९३६ देखि वि. सं. १५३९ सम्मको अवधि जुन बेलासम्म काठमाडौँ उपत्यकामा तीनओटा राज्यको उदय भएको थिएन । त्यस अवधिलाई पूर्वमध्यकाल र तीनओटा राज्य गोरखा राज्यमा विलय भएको समय वि. सं. १५३९ देखि वि. सं. १८२६ सम्मको समय अवधिलाई उत्तरमध्यकाल मानिएको छ । यस समयावधिमा पशुपालन र कृषि जीवननिर्वाहको आधार थियो भने धातु र धातुबाट बनेका सामानहरू बिक्री वितरण गरेर राज्यले आयआर्जन गर्दथ्यो (खनाल, २०२६ र श्रेष्ठ, २०५९) । यसरी शक्तिशाली बन्दै गएको खस साम्राज्य वि. सं. १४४८ मा विघटन भई कर्णाली प्रदेशमा बाइसे र गण्डकी प्रदेशमा चौबीसे राज्यहरू स्थापना हुँदै गए । यस सन्दर्भमा योगी नरहरिनाथ (२०१२) ले उल्लेख गरेको तथ्यलाई बानियाँ (२०७५) ले चर्चा गर्दै लेखेका छन् :

> गण्डकी प्रदेशमा चौबीसी राज्य स्थापना हुनुभन्दा पहिले स-साना भुरेटाकुरे राज्य स्थापना हुन गएका थिए । त्यतिखेर धवलागिरि हिमालको काखमा रहेका ताकम, पुला र ज्यामरुक भन्ने स्थानमा बगाले थापाहरूका अलगअलग राज्य भएको पाइन्छ । कालु थापाका जेठा छोरा पुण्याकरले पुला, माहिला छोरा तारापतिले ताकम र कान्छा छोरा धर्माकरले ज्यामरुकमा स्वतन्त्र राज्य स्थापना गरेका थिए । (पृ. २३)

समय परिवर्तन हुँदै जादा रुकुमतिरबाट आएका समालवंशी शासकहरूले धवलस्रोत र मंग्वर क्षेत्रमा प्रभुत्व जमाई बसेका बगाले शासकहरूलाई विस्थापित गरेर वि. सं. १४९३ मा समाल वंशका आनम्मले पर्वत राज्यको स्थापना गरे । उनैका नाति डिम्मले धवलागिरी हिमालको काखमा रहेका ताकम, पुला, ज्यामरुककोटलगायतका आसपासका इलाका विजय गरेर आठहजार पर्वत राज्यलाई विस्तार गरी बीस हजार पर्वत राज्य बनाए । आठ हजारका राजा र बाह्र हजारका बानियाँ भन्ने उक्ति यो क्षेत्रमा प्रचलित पनि रहेको छ । बीस हजार पर्वत राज्य बनाउन यस क्षेत्रका बानियाँ वंशका मानिसहरूको पनि योगदान रहेको देखिन्छ । यस सन्दर्भमा बानियाँ (२०७५) ले लेखेका छन् :

> पर्वत राज्यका पाँचौं राजा नारायण मल्लले आफ्नो आफ्नो शासनकालको अन्त्यतिर बीस हजार पर्वत राज्यलाई भागबण्डा गरी आफ्ना छोराहरूलाई बाँडिदिएका थिए । यो विभाजनअनुसार राज मल्लले पर्वत, जितारी मल्लले गल्कोट र कल्याण मल्लले कास्की राज्य पाएपछि बीस हजार पर्वत राज्य विभाजित भएर सोह्रहजारको पर्वत राज्य रहन गएको थियो । ... यो विभाजन पछि सोह्र हजार पर्वतको सिमाना पूर्वमा मोदी खोला, पश्चिममा निसीभूजी, उत्तरमा मुस्ताङ र दक्षिणमा गलकोट राज्यको सिमानासम्म रहन गएको थियो । त्यतिखेर वर्तमान म्याग्दी जिल्लाको भू-भाग यही पर्वत राज्यअन्तर्गत पर्दथ्यो । साथै पर्वत राज्यको शीतकालीन राजधानी बेनी शहर र गृष्मकालीन राजधानी ढोरालठाना पनि यही क्षेत्रमा नै पर्दथे । (पृ. २४)

पर्वत राज्यको संस्थापकका रूपमा आनन्दबम शाहीलाई मानिएको छ । उनलाई कतै आनम्म, चन्द्रम्म र कतै डिम्ब पनि भनिएको छ (बानियाँ, २०७९) । उनले स्थापना गरेको राजवंशको १४ पुस्ताले करिब ३५० वर्ष शासन गरेको कुरा टेकबहादुर श्रेष्ठले उल्लेख गरेका छन् ( बानियाँ, २०७९, पृ. २९) । श्रेष्ठ (२०५९) का अनुसार- त्यस वंशका १४ पुस्ताहरूमा आनन्द शाही (१४९३-१५१८), चन्द्रम्म शाही (१५१८-१५४३), डिम्बबम शाही (१५४३-१५९३), नागबम मल्ल (१५९३), नारायण मल्ल प्रथम (१५९३-१६१८), राज मल्ल (१६१८-१६४३), शिव मल्ल ( १६४३-१६६८), नाग मल्ल द्वितीय (१६६८-१६९२), नारायण मल्ल द्वितीय (१६९२-१७१८), शाहीबम मल्ल (१७१८-१७४३), घनश्याम मल्ल ( १७४३), मलेबम मल्ल (१७४३-१७८९), प्रियव्रत मल्ल/शाहबम मल्ल (१७८९-१८१९) र कीर्तिबम मल्ल (१८१९-१८४३) पर्दछन् (बानियाँ, २०७९, पृ. २९ ; बानियाँ, २०७५ र बुकी, २०२६) । यिनीहरूको पालामा अनेकौँ वस्तुहरू उत्पादन गरी तत्कालीन समयका मानिसहरूको आवश्यकता परिपूर्ति गरिन्थ्यो । साथै केही वस्तुहरू भारत र तिब्बतमा समेत निर्यात हुने गर्दथ्यो । ती वस्तुहरूमा राडीपाखी, चामल, सुर्ती, गाँजा, धातु तथा धातुबाट बनेका सामानहरू पर्दथे (बानियाँ, २०७९) । तत्कालीन समयका आवश्यकता परिपूर्ति तथा आयका मुख्य स्रोतहरुमा उल्लेखित वस्तुहरु नै थिए ।

यसरी लोकप्रिय बन्दै गएको पर्वत राज्य नेपालको एकीकरणको सिलसिलामा वि. सं. १८४३ आश्विन १४ गते नेपाल राज्यमा गाभिएको

थियो । यसपछि पर्वत जिल्ला एक प्रशासनिक एकाइका रूपमा रहन गयो । वीर शम्शेरको पालामा वि. सं. १९५२ मा नेपाललाई ३५ जिल्लामा विभाजन गर्दा काठमाडौँ उपत्यकाभित्रका जिल्लालाई केन्द्रीय प्रशासनअन्तर्गत राखियो भने पहाडी इलाकालाई तहसिल र तराई इलाकालाई जिल्ला भनियो । तहसिल भित्र ससाना धेरै जिल्लाहरू राखियो । पाल्पा तहसिलअन्तर्गत अर्घा, इस्मा, खाँची, गलकोट, गुल्मी, पर्वत, पाल्पा, धुर्कोट र मुसिकोटसमेतका नौ जिल्ला बनाइयो । केही समयपछि पाल्पा तहसिलअन्तर्गतका नौ जिल्लालाई पाल्पा, गुल्मी (गुल्मी, अर्घा, खाँची, इस्मा, मुसिकोट र धुर्कोट) र बाग्लुङ (पर्वत र गलकोट) भित्र समावेश गरियो । नेपालको पश्चिम क्षेत्रको प्रशासनिक केन्द्रको रूपमा पाल्पा गौँडा कायम गरियो । यी तीनओटै जिल्लाको जङ्गी तथा निजामती बन्दोबस्तसम्बन्धी सम्पूर्ण कार्य पाल्पा गौँडाबाट नै हुन थाल्यो (बानियाँ, २०७५) । यस सन्दर्भमा शर्मा (२०५१) ले लेखेका छन् :

> गुल्मीको वामी टकसारमा माल अड्डा मात्र राखिएको थियो जसलाई गुल्मी समेत आठ जिल्ला माल भनिन्थ्यो भने बाग्लुङ छोटी गौँडा र अदालत मात्र स्थापना गरीएको थियो । ती अड्डाले आफ्नो मातहतमा रहेका आठ जिल्लाको राजश्व सङ्कलन र न्याय प्रशासन सम्बन्धी काम मात्र गर्दथे । यद्यपि बागलुङमा वि. सं. १९८५ मा छोटी गौँडा स्थापना गरीएको थियो तापनि यसले आठ जिल्लाको जङ्गी तथा निजामती बन्दोबस्तको काम पाल्पा गौडाको मातहतमा रहेर गर्नुपर्दथ्यो । वि. सं. २००९ मा गुल्मीमा पनि छुट्टै छोटी गौँडा स्थापना भयो । (बानियाँ, २०७५, पृ. २८)

नेपालको प्रशासनिक विभाजनलाई सहज र सरल बनाउने क्रममा वि. सं. २०१८ कार्तिक १६ गते नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरियो । बानियाँ (२०७५) ले तत्कालीन बागलुङ गौँडालाई धवलागिरि अञ्चलमा परिणत गरी यसमा बागलुङ, म्याग्दी, मुस्ताङ र डोल्पा गरी चार जिल्ला समावेश गरियो । पछि धवलागिरि  क्षेत्रका सबै जिल्लाहरू पर्वत राज्यअन्तर्गत पर्न गए (तथ्यांक कार्यालय, बागलुङ, २०८०) । गौडाको सदरमुकाममा बडाहाकिम रहने पद खारेज गरी अञ्चल सदरमुकाममा अञ्चलाधीश र जिल्लामा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरियो । समयको क्रमसँगै मानिसहरूका जीवननिर्वाह र राज्यका आयआर्जनका नयाँनयाँ क्षेत्र एवम् स्रोतहरू पनि पहिचान हुँदै गए ।

यसरी तत्कालीन पर्वत राज्यको ऐतिहासिक पक्षका बारेमा केही अध्ययन भएको भए तापनि त्यस बेलाको आर्थिक अवस्था केकस्तो थियो भन्ने बारेमा पर्याप्त अध्ययन भएको देखिँदैन । प्रस्तुत अध्ययनलाई तत्कालीन पर्वत राज्यका आम्दानीका क्षेत्रहरू केके थिए ? राज्यले आय आर्जनका लागि केकस्ता प्रक्रियाहरू अवलम्बन गरेको थियो ? भन्ने विषयमा केन्द्रित भई त्यसको खोजमूलक अध्ययन गर्ने कार्य यस लेखमा गरिएको छ ।

## अध्ययन विधि र प्रक्रिया

यस आलेखको मुख्य उद्देश्य तत्कालीन पर्वत राज्यको आर्थिक पक्षहरू केलाउनु रहेको छ । यसका लागि उद्देश्यमूलक नमूना छनोट विधिका आधारमा अध्ययनको क्षेत्र चयन गरिएको छ । यो अध्ययन ऐतिहासिक तथा तुलनात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । यसका लागि मूलतः अध्ययन क्षेत्र अवलोकन, पूर्व जनप्रतिनिधिहरू, समाजसेवी एवम् बुद्धिजीवीहरू, शिक्षक तथा कर्मचारीहरू, सामाजिक कार्यकर्ताहरू, उद्योगी, पर्यटन व्यवसायी आदिसँगको औपचारिक एवम् अनौपचारिक अन्तरवार्ता एवम् छलफलका माध्ययमबाट पर्वत राज्यका विषयमा रायसुझावहरू सङ्कलन गरिएको छ ।  यस अध्ययनमा वृतान्त, जनश्रुति, जानकार व्यक्तिबाट प्राथमिक स्रोत सामग्रीको सङ्कलन गरिएको छ । त्यसैगरी द्वितीयक स्रोतका सामग्रीहरूको सङ्कलनमा सरकारी अभिलेखहरू, वंशावली, प्रकाशित पुस्तक तथा लेखरचनाहरू, पञ्चायत/गाविस/जिविस/जिससले प्रकाशित गरेका वस्तुगत विवरणहरू, विविध प्रतिवेदनहरू, आर्थिक सर्वेक्षणहरू आदिलाई मुख्य आधार बनाइएको छ । उल्लिखित विभिन्न क्षेत्रहरूबाट प्राप्त हुन आएका सूचना एवम् जानकारीहरूलाई विश्लेषणात्मक तथा वर्णनात्मक विधिको प्रयोग गरी यो खोजमूलक अध्ययन गरिएको छ ।

## नतिजा र विमर्श

अर्थशास्त्रले आर्थिक क्रियाकलापहरूको अध्ययन गर्दछ । अर्थशास्त्र, अर्थतन्त्र र अर्थव्यवस्था एकअर्कासँग जोडिएका विषयहरू हुन् । मानिसका हरेक गतिविधिहरू जस्तैः पेसा व्यवसाय, सहभागिता, जीवनशैली, जीवन पद्धति, आर्थिक गतिविधिमा संलग्नता, वित्तीय कारोबार, सामाजिक प्राणी भएर जीउनका लागि गरिने हरेक आर्थिक क्रियाकलापहरू अर्थशास्त्रको अध्ययन क्षेत्रभित्र पर्दछन् । मानवले प्राप्त गर्ने उपलब्धि र यसको अवस्था अर्थतन्त्रसँग जोडिएको हुन्छ । साथै समग्र पद्धति अर्थव्यवस्थासँग जोडिएको हुन्छ । तसर्थ यसको दूरगामी महत्त्व मानव जीवनका लागि मात्र नभएर समाज, देश र अन्तराष्ट्रिय क्षेत्रमा अनन्तकालसम्म रहिरहन्छ ।

ऐतिहासिक सन्दर्भलाई विश्लेषण गर्दा नेपालमण्डल राज्य विशाल थियो । बज्राचार्य (२०५३) का अनुसार यो राज्य पूर्वमा आसाम (कामरूप) र पश्चिममा कुमाउँ (कर्तृपुर) सम्म फैलिएको थियो (बानियाँ, २०७५) । यो राज्य विशाल भएकाले केन्द्रबाट मात्र प्रशासन सञ्चालन

गर्न कठिन भयो । यसैकारणले गर्दा यस राज्यलाई आजकलका जिल्ला भने जस्तै गरी विभिन्न प्रशासनिक एकाइहरू विषयमा विभाजन गरियो । यसै सन्दर्भमा बानियाँ (२०७५) ले लेखेका छन् :

> विषयहरू मध्ये नेपालको पश्चिमतिर धवलस्रोत, मंग्वर, गण्डीगुल्म, लमजुङ आदि नामका स्थानीय प्रशासनिक एकाइहरू थिए । धवलागिरी हिमालको दक्षिण-पूर्वी काखमा रहेको भू-भागलाई धवलस्रोत विषय भनिन्थ्यो भने त्यसको समिपमा रहेको मंग्वर नामक विषय सो भू-भागको दक्षिण-पश्चिममा पर्दथ्यो । ....... मंग्वर क्षेत्र धवलागिरी हिमालको दक्षिण-पश्चिम क्षेत्र भएपछि त्यसको निकटमा रहेको धवलक्षेत्र धवलगिरी हिमालको दक्षिणी - पश्चिमि भू-भाग अर्थात पुला, ज्यामरुक, मल्लाज र राखु क्षेत्र हुनु पर्दछ । (पृ. १४-१७)

प्राचीनकालमा विस्तृत रूपमा फैलिएको नेपालमण्डल राज्य अब काठमाडौँ उपत्यकामा मात्र सीमित हुन पुग्यो । यस राज्यमा नेवार संस्कृतिको विकास भयो । कर्णालीमा नागराजले खस राज्य स्थापना गरे । यस राज्यमा खस संस्कृतिको विकास भयो । अशोक मल्लको शासनकाल (वि. सं. १३१२-१३३५) मा खस राज्य गण्डकी प्रदेशको नारायणी नदीसम्म विस्तार हुन पुगेको देखिन्छ । यसै गरी नेपालको दक्षिण-पूर्वको तराई क्षेत्रमा नान्यदेवले सिम्रौनगढ राज्य स्थापना गरे । यस क्षेत्रमा मिथिला संस्कृतिको विकास हुन पुग्यो । यसरी प्राचीनकालमा नेपालमण्डल राज्यको प्रभाव विशाल रूपमा फैलिएको भए तापनि मध्यकालमा यसको प्रभाव घट्दै जान थाल्यो । विशेष गरी लिच्छवी वंशको अन्त्यपछि यस राज्यको प्रभाव सोहीअनुसार रहन सकेन । बाह्रौं शताब्दीमा आइपुग्दा यो राज्य तीन अलगअलग राज्यमा विभाजित हुन पुग्यो । ती राज्यहरूमा खस राज्य, नेपाल मण्डल र सिम्रोनगढ राज्य पर्दछन् । यी तीनओटा राज्यको संस्कृति फरकफरक भएकाले कुनै पनि राज्यले एक अर्काको अस्तित्वलाई स्वीकार गर्दैनथे । यीमध्ये पनि खस राज्यको अधीनमा धवलस्रोत र मंग्वर क्षेत्र रहेका थिए (बानियाँ, २०७५) । पर्वत तत्कालीन नेपालको चौबीसे राज्यअन्तर्गत पर्ने शक्तिशाली राज्य मानिन्थ्यो ।

मानव सभ्यताको विकासक्रमसँगै अर्थशास्त्रको उदय मानव जातिको कल्याण र उसका समग्र गतिविधिहरूको अध्ययन गर्न भएको हो । पूर्वीय दर्शनका अनुसार अर्थशास्त्रले परम्परागत ज्ञान र प्रचलित कानुनको विरोध नहुने गरी आर्थिक क्रियाकलामहरू सञ्चालन गर्नु पर्ने र आदर्शतम स्तरको उत्पादन प्राप्त हुने गरी क्रियाकलाप सम्पन्न गर्नुपर्ने भनी मानवीय व्यवहारको अध्ययनमा जोड दिइएको छ । अर्थशास्त्रका पिता मानिने अर्थशास्त्री एडम स्मिथले सन् १७७६ मा प्रकाशित गरेको *An Enquiry into the Nature and Causes of Wealth of Nation* मा धनसँग प्रत्यक्ष सम्बन्ध राख्ने समग्र आर्थिक क्रियाकलापहरूको अध्ययनलाई अर्थशास्त्र भनिएको छ (सिलवाल र रेग्मी, २०६३) । यहीँबाट नै अर्थशास्त्र र अर्थव्यवस्थाको औपचारिक वहसको प्रारम्भ भएको हो । अर्थशास्त्री अल्फ्रेड मार्शलले अर्थशास्त्रलाई भौतिक कल्याणको विज्ञान र मार्शलले यसलाई दुर्लभताको विज्ञान भनी उल्लेख गरेका छन् । तसर्थ अर्थशास्त्र, अर्थतन्त्र र अर्थव्यवस्थाका विषयवस्तुहरू मूलतः मानवीय चाहना, ती चाहनाहरू पूरा गर्न गरिने प्रयासहरू र उसले पाउने सन्तुष्टिका आधारमा निर्धारण हुने गर्दछन् । यहाँ तत्कालीन पर्वत राज्यको अर्थव्यवस्था, आम्दानीका स्रोतहरू र सञ्चालन गरिएका आर्थिक क्रियाकलापहरूलाई तपसिलमा उल्लेख गरिएको छ :

**पशुपालन व्यवसाय**

पशुपालन व्यवसाय तत्कालीन समयको प्रमुख व्यवसाय मानिन्थ्यो । गाई, भैँसी, भेडा, बाख्राहरू र घोडा त्यतिबेलाका पशुचौपायहरूमा पर्दथे । व्यक्तिले मात्र जिउनका लागि पशुपालन व्यवसाय नगरेर राज्यको तहबाट समेत यस्ता व्यवसायहरू सञ्चालन हुने गर्दथे । पर्वत राज्यमा राजगोठहरू थिए । पर्वत राज्यको पतनसँगै राजगोठहरू मासिए तर राजगोठालाहरूका परिवारहरू अहिले पनि अस्तित्वमा रहेको चन्द्रप्रकाश बानियाँ (२०७९) ले उल्लेख गरेका छन् (पृ. ११०) । यस व्यवसायले तत्कालीन समयमा निकै लोकप्रियता कमाएको थियो भन्न सकिन्छ ।

तत्कालीन समयमा पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्नका लागि राज्यको तहबाट पर्वत गोठ अमाल नामको सरकारी अड्डासमेत स्थापना गरिएको इतिहासकार जगदीशचन्द्र रेग्मी (२०२६) ले उल्लेख गरेका छन् (बानियाँ, २०७९, पृ. १११) । पर्वत राज्यको मुस्ताङमा झोपा र चौरी तथा पश्चिमी भेगमा गाई, भैँसी, भेडा, बाख्रा र घोडाहरूको पालन हुने गरेको देखिन्छ । अहिले पनि यस व्यवसायले यस क्षेत्रमा निरन्तरता पाएको छ । व्यावसायिक फर्महरू पनि दर्ता भएका छन् । अहिले यस व्यवसायले व्यक्तिगत रूपमा बृहत् र संस्थागत रूप धारण गरेको छ । मल्ल (२०२८) ले हिमालको काँठमा भेडाच्याङ्ग्रा पाल्ने गरेको पनि उल्लेख गरेका छन् (पृ. ४२) । अहिले पनि यस क्षेत्रका यस व्यवसायमा लागेका मानिसहरू दसैँको अवसरमा भेडाच्याङ्ग्रा लिनका लागि यिनै क्षेत्रमा जाने परम्परा रहेको छ ।

बानियाँ (२०७९) का अनुसार अहिलेको नामसँग चौर जोडिन आएका स्थान वा बस्तीहरू तत्कालीन समयका गौचरनका क्षेत्रहरू हुन् (पृ. ११०) । नामसँग चौर जोडिएका स्थानहरूमा हालको बाङ्गेचौर, बागलुङचौर, ग्वालीचौर, रत्नेचौर, पुलाचौर, भुजेलचौर, काफलचौर, हरिचौरलगायत पर्दछन् ।

यसरी पशुपालन व्यवसाय त्यतिबेलाका मानिसहरूको जीउने मुख्य आधार र राज्यको बलियो आम्दानीको स्रोत रहेको थियो । अहिले यस व्यवसायलाई प्रवर्धन गर्नका लागि प्राविधिक विद्यालय र महाविद्यालयहरू खोलिएका छन् । सरकारी स्तरमा मन्त्रालय, विभाग, अनुसन्धान

केन्द्र, कृषि ज्ञान केन्द्र, कृषि सेवा केन्द्र स्थापना गरिएको छ । हरेक गाउँ, बस्ती र टोलमा पशुपालन समूह खडा गरिएको छ ।

**कृषि व्यवसाय**

तत्कालीन पर्वत राज्यमा पशुपालनका अतिरिक्त खेतीपाती पनि गर्ने प्रचलन थियो । मगरहरूले पशुपालन गर्दथे । समय परिवर्तन हुँदै जाँदा पशुपालनले मात्रै केही नहुने देखेपछि खेतीपाती पनि गर्न थालियो । मकै, कोदो, जुनेलो, लट्टेलगायतका पाखाबालीहरूको खेतीपाती गर्न सुरुवात गरियो । यसै सन्दर्भमा चर्चा गर्दै मल्ल (२०२८) ले लेखेका छन् :

> आठौं वा नवौं शताब्दीदेखि मगरहरू पशुपालनको समयदेखि कृषि समय सम्ममा उक्लेका हुन । वन सकिँदै गयो, चरन मासिदै गयो, जनसंख्या भने बढ्दै गयो । पशु पालेर मात्रै मगरहरूको जीविका चलेन । पहिले पहिले उनीहरूले जंगल फाडेर आगोले खरानी पारेको ठाउँमा गर्मी बढेर पानी बर्से पछि मकै, कोदो, जुनेलो, लट्टे जस्ता पाखावालिको खेती गर्दथे, पछि पछि भने तागाधारीको देखासिकी गरेर आलु, घैया जस्ता नयाँ खेती समेत गर्न लागे । मगरहरू जमिन जोतेर मल हाली खेती गर्न नजानेर हो वा अल्छी मानेर हो त्यस्तो खेती गर्दैनथे । उनीहरू सधैं नया जमिनमा खरानी गराएर खेती गर्थे या पंचसाले, त्रिसाले जमिनमा खेती गर्दथे । यो खेती ज्यादै उब्जिलो हुन्थ्यो तथा खन्न जोत्न पर्दैनथ्यो । यसको नतिजा के हुन्थ्यो भने नयाँनयाँ वस्तीमा सर्नुपर्दथ्यो । बाहुन क्षेत्रीहरू मगरले रुखो बनाएर फ्याकेका जमिनहरूमा खनजोत, मलजल गरेर आधुनिक तरिकाबाट खेती गर्दथे । उनीहरूले जलखेती पनि गर्दथे जुन मगरहरूले जान्दैनथे । (पृ. ४३)

पर्वत राज्य खाद्यान्नमा आत्मनिर्भर थियो पनि भनिएको छ । यस राज्यका विभिन्न क्षेत्रमा मकै, कोदो, जौ, गहुँ र अन्य कोसेबालीहरू प्रशस्त उत्पादन हुने गरेको कुरा जानकारहरू बताउँदछन् । त्यतिखेर खास गरेर मुस्ताङ खाद्यान्नका लागि पर्वतमा आश्रित थियो । चौबीसे राज्यहरूको अवसानपछिको अर्को एक सताब्दीसम्म मुस्ताङले पर्वतबाट खाद्यान्न आपूर्ति गर्ने गरेको देखिन्छ । यस सन्दर्भमा बानियाँ (२०७९) ले लेखेका छन् :

> ताकम, दर्बाङ, छिस्बाङ, सिमलचौर, बाबियाँचौर, रणबाङ, बालौटे, लुङ्दी, पाङ, बागलुङ, ढोरेनी लगायतका खेतका फाँटहरूले पर्वतलाई खाद्यान्न निर्यातको अवसर दिन्थ्यो । ... दाङखोलाबाट सुरुङ खनेर ताकममा सिंचाईको प्रबन्ध मिलाइएको थियो । उक्त सिंचाई सुरुङ आजसम्म पनि जीवित छ । पानी पधेंराबाट कुलो काटेर सिंगामा सिंचाईको प्रबन्ध गरिएको थियो, जसलाई आज पनि राजकुलो भनेर चिनिन्छ । मालिका देखि बागलुङसम्म व्यवस्थित कुलो रहेछ ... (पृ. १०७) । यसबाट तत्कालीन समयमा राज्यलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सरकारीस्तरबाट व्यवस्थित सिंचाईको व्यवस्था मिलाइएको देखिन्छ ।

यस तथ्यलाई आधार मान्दा तत्कालीन पर्वत राज्यका मानिसहरूको जिउने मुख्य आधार कृषि व्यवसाय थियो भन्ने देखिन्छ । तत्कालीन पर्वत राज्यमा परम्परित प्रकृतिका खाद्यान्न तथा कोसेबालीहरू खेती गरिन्थ्यो । यस क्षेत्रमा अहिले पनि देखिने राजकुलाको अवशेषले कृषि व्यवसायलाई व्यवस्थित गरिएको थियो भन्ने पुष्टि पनि हुन्छ । खेतीपातीलाई व्यावसायिक रूपमा नभए पनि कृषिबाट आत्मनिर्भरतातर्फ राज्यलाई लैजाने प्रयास भएको थियो । अहिलेको जस्तो भौतिक पूर्वाधारको विकास नभएकाले खाद्यान्नका सामानहरू बाहिरबाट ल्याउन प्रायः सम्भव नभएको अवस्थाको अनुमान गर्न सकिन्छ । यहाँका विद्यमान उर्वर खेतको अवस्थाले तत्कालीन समयमा पनि यो राज्य आत्मनिर्भर थियो भन्ने देखिन आउँछ ।

**उद्योग तथा व्यापार**

तत्कालीन बाइसे चौबीसे राज्यमा सबैभन्दा शक्तिशाली राज्यको रूपमा पाल्पा र पर्वत राज्य पर्दथे । पाल्पा राज्य तराईको समथर उर्वरयोग्य भू-भागका कारण शक्तिशाली थियो भने पर्वत राज्य भोटसँगको व्यापार र खानीका कारणले गर्दा निकै शक्तिशाली मानिन्थ्यो (मल्ल, २०३३) । पर्वत राज्यको केन्द्र हालको बेनी बजार भएकाले भोट-मधेश व्यापारको संगमस्थल पनि बेनी बजार नै थियो । त्यतिखेर हालको बागलुङ, मुस्ताङ र म्याग्दी जिल्लाको भूभागलाई पर्वत भन्ने चलन थियो । त्यनिबेला ऊन, सुन, नुन, ऊनी वस्त्र, भेडा, च्याङ्ग्रा, गधा, चौरीलगायतका वस्तुहरू र जनावरहरू तिब्वतबाट आयात गरिन्थ्यो । आयात गरिने वस्तुहरूका सन्दर्भमा बानियाँ (२०७५) ले नून मुस्ताङ क्षेत्रका थाक सातसय पाँच गाउँ र बाह्र गाउँ तथा डोल्पा क्षेत्रका बासिन्दाहरूले तिब्वतमा गई उवा, जौं आदि अन्नसँग साटेर ल्याई मुस्ताङदेखि तलको इलाका जसलाई पर्वत जिल्ला भनिन्थ्यो, मा वस्ने मानिसहरूसँग चामल, मकै, कोदो आदि अन्नसँग साट्ने गर्दथे (पृ. २७२) भनी उल्लेख गरेका छन् । यसैगरी यहाँबाट विभिन्न प्रकृतिका अनाजहरू, कागज, भारतबाट भित्रिएका सुतीका कपडाहरू, तामाका भाँडाकुँडाहरू तथा अन्य विविध प्रकृतिका विलासिताका सरसामानहरू निर्यात हुने गर्दथे ।

मध्यकालदेखि नै अनेकौँ वस्तुहरू उत्पादन गरी स्थानीय आवश्यकता परिपूर्ति गर्नुका साथै भारत र तिब्वतसम्म निर्यात गर्ने गरिन्थ्यो भन्ने तथ्यहरूले देखाएका छन् । निरन्तर रूपमा फैलिएको व्यापारलाई थप व्यवस्थित गर्न सत्रौँ शताब्दीको सुरुमै राजवम मल्लले हिउँदका चार महिना राजमुकाम बेनीमा राख्ने चलन चलाएको देखिन्छ । यस सन्दर्भमा ह्यामिल्टन (१९७१) ले उल्लेख गरेको तथ्यलाई बानियाँ (२०७९) ले

चर्चा गर्दै लेखेका छन् :

> मुस्ताङ र पर्वत राज्यमा निर्माण गरिने राडी, पाखी, कम्बल, मधेश निकासी गरिन्थ्यो । पर्वतको चामल, सूर्ती, खुर्सानी भोट मुस्ताङतिर पैठारी हुन्थ्यो । पर्वतको अब्वल गाँजा पनि निर्यातको वस्तु थियो । तामाका भाँडाकुडा र हतियार पर्वतबाट निर्यात गरिने वस्तुहरू बनेका थिए (पृ. १११) । यसले पनि तत्कालीन पर्वत राज्य आत्मनिर्भर थियो भन्ने देखाउँदछ ।

तत्कालीन पर्वत राज्यमा बाइस खानीहरू थिए । यस क्षेत्रमा तामा प्रशस्त मात्रामा हुने भएकाले तामाबाट बन्ने भाडाकुडा तथा धातु उद्योग, वस्त्र उद्योग, माटो उद्योग, कागज उद्योग, हस्तकला उद्योग, जटिवुटी उद्योगलगायतका उद्योगहरू विगतमा सञ्चालनमा थिए । खुँडा, तरबार, भरुवा बन्दुक पनि यहाँ बन्दथे । विभिन्न धातुका खानीहरू यहाँ रहेकाले यसबाट बनेका सामानहरू बिक्री वितरण गरेर पर्वत राज्यले मनग्ये आय पनि आर्जन गर्दथ्यो । यहाँ भिरमौरीको मह तथा मैन उत्पादन हुने गर्दथ्यो । भाडाकुँडा बनाउन मैनको प्रयोग हुने हुनाले यसको उत्पादन गरी निकासी पनि गरिन्थ्यो । आर्थिक वर्ष १८९१/०९२ तिर नेपालमा १४०३ धार्नी मैनको उत्पादन पनि भएको देखिन्छ (खनाल, २०२६ र श्रेष्ठ, २०५९) । यस तथ्यले उद्योग र व्यापारबाट पर्वत राज्यको आर्थिक आधार बलियो बनेको थियो भन्ने देखाउँछ । यस सन्दर्भमा ह्यामिल्टन (१९७१) ले उल्लेख गरेको चर्चा गर्दै बानियाँ (२०७५) लेखेका छन् :

> पर्वतमा तामाका अतिरिक्त फलाम, सिसा, अभ्रख, गन्धक आदि खनिज पदार्थका खानीहरू थिए । राजा मलेवमको समयमा तामाका मुद्रा टङ्कन प्रारम्भ भएको थियो । म्याग्दी र बाग्लुङको पहाडी भेकमा बसोबास गर्ने छन्त्यालहरू खानी विशेषज्ञ मानिन्थे । छन्त्यालहरूले खानी खन्थे, विश्वकर्माहरूले प्रशोधनको काम गर्थे (पृ. ११२) । तसर्थ तत्कालीन समयमा पनि कार्य विशिष्टीकृत थियो भन्न सकिन्छ ।

बागलुङका पुराना बासिन्दा मगरहरू व्यवसायिक एवम् कालिगढ भएको इतिहासमा उल्लेख छ । तामाका भाँडाकुँडा, नेपाली कागज, बुट्टेनली, ऊनका वस्त्र, काठका भाँडाकुँडा, तान लगाएर बुनेका लगौटी, खाकी वस्त्र, ऊनका काम्ला, राडी पाखी, माटाका गाग्री, घैँटा, इटा, झिङ्टी यस क्षेत्रमा बनाइन्थ्यो । नेपाली कागज भारत, तिब्बत, अमेरिका तथा युरोपमा समेत पठाइएको पाइन्छ । राणा प्रधानमन्त्रीहरूले बागलुङबाट बुट्टेनली मगाएर हुक्कासमेत तान्ने गरेको जानकारहरूले बताउँदछन् । पर्वते राजा प्रतापी नारायण मल्लको समयपछि र युवराज नागमल्लले मुस्ताङ विजय गरी पर्वतमा गाभेपश्चात् भोटतिरको व्यापारमा अझ विस्तार हुन पुग्यो । तामा, फलाम, खुर्सानी, अदुवा लगायतका वस्तुहरू भोटतिर जान थाले ।

पृथ्वीनारायण शाहले वि.सं. १८२६-२७ तिर भक्तपुर विजय गरेपछि भक्तपुरका नेवारहरू पोखरा, पाल्पा हुँदै बागलुङ प्रवेश गरे । बाइस खानी गोश्वारा अड्डा र टक्सारको स्थापना भएपछि बागलुङ अझ व्यापारिक केन्द्र बन्न पुगेको थियो (शर्मा 'मैत्रेय', २०५१) । यसै गरी बानियाँ (२०७९) ले उल्लेख गरे अनुसार तत्कालीन पर्वत राज्यबाट घिउ, तामा, फलाम, उनी कपडा, मैन, अदुवा, खुर्सानी, गाँजा, बरुवा, निगालोबाट बनेका डोको, डालो, सोली, थुन्चे र गोरुसमेत निकासी हुने गर्दथ्यो (पृ.११२) । पर्वतको कम्बलले नेपालमा निकै प्रसिद्दि हासिल गरेको थियो ( रेग्मी, २०२६) । नेपालभित्र मात्र होइन प्राचीन कालदेखि नै नेपालको कम्बलले निकै लोकप्रियता कमाएको पाइन्छ ।

यसरी राडीपाखी, गलैचा, नेपाली हाते कागज, बुट्टेनली, ठेकाठेकी, डोका, डाली, डम्फु, मादल, तामा फलामका भाँडाकुँडाहरू आदि प्रमुख उत्पादनहरू, सुन्तला, अदुवा, अलैँची, आलु आदि कृषि उपजहरू र यार्सागुम्बा, चिराइतो, जटामसी, सतुवा, अमला, पदमचाल, चुल्ठेलगायतका सयौँ जडिबुटीहरूको उर्वर क्षेत्र तत्कालीन पर्वत राज्य र हालको धवलागिरि क्षेत्र भएकाले यसलाई औद्योगिक एवम् व्यापारिक केन्दको रूपमा थप विकास गर्नसकिने सम्भावना छ ।

**पेसा व्यवसाय**

तत्कालीन पर्वत राज्यमा पेसा व्यवसाय यही नै भन्ने थिएन । मगरहरूले पशुपालन गर्थे । पछि कृषि पेसा पनि अवलम्बन गर्न थाले । तागाधारीहरूले पाखोखेती तथा जल खेतीलाई आफ्नो पेसाको रूपमा लिएका थिए । पेसा जेजस्ता भए पनि तत्कालीन गाउँहरू स्वावलम्बी बनिसकेका थिए । यसै सन्दर्भमा मल्ल (२०२६) ले चर्चा गर्दै लेखेका छन् :

> तागाधारी गाउँहरूमा छालाको काम सार्की, फलाम आदि धातुको काम कामि, सिउने र बजाउने काम दमाई, माटाको काम कुमाले र काठको काम चुडाराहरू गर्दथे । गुरुङ र मगरहरूको वस्तीमा भने सब आआफै गर्दथे । पर्वतमा खानी खन्ने कामले पनि राम्रो उन्नति गरेर लागेको थियो । पर्वत धनधान्यले परिपूर्ण थियो । यसैले यहाँ सुख र शान्ति पनि थियो (पृ. ४८) । यसले तत्कालीन समयमा पेशा व्यवसायमा विविधता रहेको पुष्टि गर्दछ ।

यसका अतिरिक्त तत्कालीन पर्वत राज्यमा मानिसहरू खानी खन्ने, धाउ गाल्ने, भाडाकुडा बनाउने, गोलमाटो बोक्ने, पैसा काट्ने लगायतका कायमा संलग्न भएका थिए (बानियाँ, २०७५) । साथै यहाँका बासिन्दाहरूले पेसा जेजस्तो अवलम्बन गरेका भए पनि उनीहरूले सुख र शान्तिपूर्वक जीवन बिताएका थिए भन्ने कुरा मल्लको उल्लेखित भनाइबाट पनि स्पष्ट हुन्छ ।

**खानी**

पर्वत राज्य भोटसँगको व्यापार र खानीका कारणले गर्दा अत्यन्त शाक्तिशाली मानिएको थियो । यहाँको मुख्य आय स्रोत खानी थियो । बानियाँ (२०७५) का अनुसार “यो राज्यलाई नेपालमा गाभेपछि यहाँको खानी सञ्चालनका लागि गरिएको व्यवस्थालाई पर्वत बाइस खानी तथा टक्सार सम्बन्धी व्यवस्था भनिन्थ्यो” । ... मध्यकालमा पर्वत राज्यमा सुन र तामाका खानीहरू सञ्चालन भएका थिए (पृ. २८१) । यी तथ्यले पर्वत राज्यको सम्पन्नतालाई दर्साएका छन् । मल्लहरूले परम्परादेखि सर्वसाधारणले चलाइराखेका फलाम र तामाका खानी खन्ने काममा थप जोड दिएका थिए (मल्ल, २०२६) । यसले गर्दा पर्वत राज्यको आर्थिक स्थिति बलियो बनिरह्यो । हेमिल्टन (१९८६) ले पर्वत राज्यको इलाका हुँदै बग्ने खोला र नदीहरू (कृष्णगण्डकी, म्याग्दी, राउघाट, मोदी) को बालुवामा सुन पाइने र सो आसपासका क्षेत्रमा २५ ओटा भन्दा बढी तामाखानीहरू सञ्चालनमा भएको उल्लेख गरेका छन् । यस तथ्यबाट पनि पर्वत राज्यको आर्थिक स्रोत बलियो थियो भन्ने स्पष्ट हुन्छ । यसै गरी कर्कपेट्रिक (१८४९) ले नेपालको पर्वत राज्यमा उत्पादित तामाको मूल्य कलकत्ताको बजारमा भएको युरोपियन तामाको मूल्यभन्दा दोब्बर मूल्यमा बिक्री भएको बताएका छन् (बानियाँ, २०७५, पृ. २८१-२८२) ।  समय परिवर्तनसँगै खानीको सञ्चालन प्रक्रियामा पनि परिवर्तन हुँदै गयो । जब पर्वत राज्यलाई नेपालमा गाभियो तब यहाँका खानीलाई कहिले अमानत र कहिले इजारा प्रथामार्फत सञ्चालन गरिँदै लगियो । रेग्मी रिसर्च सेरिज (१९७८ र १९८०) मा उल्लेख गरिएको तथ्यलाई बानियाँ (२०७५) ले चर्चा गर्दै लेखेका छन् :

> इजारा प्रथाद्वारा खानी सञ्चालन गर्दा आग्रीहरूलाई जग्गा वितरण गर्ने, उनीहरूबाट काछो सिर्तो असुल गर्ने, बलक, दण्डकुण्ड, मर्न्यो अपुताली आदि सबै प्रकारका कर, दस्तुर असुल गर्ने अधिकार इजारादारले पाएका हुन्थे । ... इजारदारले बढी फाइदा लिनका लागि आग्रीहरू उपर अत्याचार गरेको थाहापाएपछि इजाराप्रथा तोडी वि. सं. १८५६ मा खानी अड्डा स्थापना गरी खानीलाई अमानतमा सञ्चालन गर्ने व्यवस्था गरियो । (पृ. २८२)

उल्लिखित तथ्यले तत्कालीन समयमा खानी सञ्चालनका विधि र प्रक्रियामा एकरुपता नभएको पुष्टि गर्दछ । तत्कालीन पर्वत राज्यअन्तर्गतका क्षेत्रहरूमा पर्वत बाइस खानी, मगराँत खानी, रुकुम खानी पर्दथे । पर्वत बाइस खानीमा बागलुङ र म्याग्दीमा पर्ने ओखरबोट खानी, चीम खानी, गर्जा खानी, अर्मन खानी, भ्धिं खानी, ठाडा खानी, डाँडा खानी, निस्कोट खानी, बरङ्जा खानी, मङ्गले खानी, मल्कवाङ खानी, मच्छिम खानी, रुम खानी, लुलाङ खानीलगायतका खानीहरू र मगराँत खानीअन्तर्गत गुल्मी र अर्घाखाची जिल्लाभित्र पर्ने खानीहरू पर्दथे । यसै गरी रुकुम खानीअन्तर्गत रोल्पा र रुकुम जिल्लामा सञ्चालित खानीहरू पर्दथे । खानीलाई थप व्यवस्थित गर्न पुनः वि. सं. १८७२ देखि पश्चिम बाइस खानी इजारा प्रथामार्फत नै सञ्चालन गरिएको पाइन्छ (बानियाँ, २०७५ र २०७९) । यिनीहरूको सञ्चालन र रेखदेख गर्नका लागि बागलुङमा पश्चिम बाइस खानी हट्टी टक्सार गोश्वारा अड्डा, पर्वत बाइस खानीको बेनी र बागलुङमा हट्टी अड्डा, खानी भएका स्थानमा खानी अड्डा स्थापना गरेको पाइन्छ ।

ऐतिहासिक तथ्यलाई हेर्दा पर्वत राज्यमा खानीको अत्यन्त सम्भावना रहेको थियो । अहिले पनि सञ्चालन गर्न सकिने प्रवल सम्भावना देखिन्छ । यी क्षेत्रहरूमा खानी क्षेत्रको बाहुल्यता भएको हुँदा अहिले पनि बागलुङका कतिपय ठाउँहरूको नाम खानी शब्दबाटै राखिएको छ । जस्तैः लेखानी, राङ्खानी, मुसुमखानी, पाण्डव खानी, सिसा खानी, रुकुम खानी आदि । मध्यकालदेखि नै बागलुङमा तामा, सिसा तथा फलामका अनेकौं खानीहरू खोलिएका पनि थिए । पर्वते राजा प्रतापीनारायणले यस क्षेत्रमा खानी उद्योगमा निकै जोड दिँदै आएका थिए । खानीबाट उत्पादित तामा, फलामबाट विभिन्न कृषि सामग्री, भाँडाकुँडा तथा युद्धका सामग्रीहरू समेत बनाउने प्रचलन देखिन्छ । यस क्षेत्रलाई नेपाल अधिराज्यमा गाभिएपछि पनि यसलाई २२ खानीको नामले चिन्ने गरिन्थ्यो । शाहकालमा बागलुङमा स्थापना भएको २२ खानी गोश्वारा अड्डा वि.सं. १९७४ सम्म सञ्चालनमा आयो । तत्कालीन समयमा खानीको काम छन्त्याल वा आग्री जातका मगरहरूले गर्ने गर्दथे (सिलवाल, २०७४) । बागलुङ र बेनीमा रहेका खानी र टक्सारहरू कहिले अमानत त कहिले इजाराप्रथामार्फत सञ्चालन हुने गरेको देखिन्छ ।

पर्वत राज्यअन्तर्गत पर्ने हालका पर्वत, म्याग्दी र बागलुङ जिल्लाका हरेक पालिकाहरूमा खानीको पर्याप्त सम्भावना भएको देखिन्छ । यसमध्ये एक स्थलगत अवलोकनबाट प्राप्त जानकारीअनुसार बागलुङ नगरपालिकामा सुन तथा तामा खानी, जैमिनी नगरपालिकामा ढुङ्गाखानी (हाँडीकोट), गल्कोट नगरपालीकामा सुन खानी (पाण्डव खानी, रिघा, मल्म, हरिचौर), खोलाखानी (नरेठँटी), थालेपोखरा खानी (काँडेबास), ढोरपाटन नगरपालिकामा घोसाखानी (बुर्तिवाङ), लुकुरवन फलाम खानी (खुङ्गा), डिजेल तथा मट्टितेल खानी (अधिकारी चौर), काँठेखोला गाउँपालिकामा तामा खानी (हलहले), ओख्ले तामा खानी (धम्जा), तमान गाउँपालिकामा बुङ्खानी (बुङ्गा दोभान), खुङ्खानी/नर्जाखानी (खुङ्खानी), ताराखोला गाउँपालिकामा ढुङ्गाखानी आदिको पर्याप्त सम्भावना रहेको छ (स्थलगत अवलोकन, २०८१; गण्डकी प्रदेश सरकार, २०७८) । तर हाल ढुङ्गाखानीबाहेक अरु खानीहरू सञ्चालनमा  छैनन् । उल्लिखित खानीहरूको उत्खनन्, संरक्षण र सञ्चालन गर्नसकेमा बागलुङ लगायतको तत्कालीन पर्वत राज्यको भूभागलाई समृद्ध बनाउन सकिने प्रवल सम्भावना छ ।

### जागिर

मानिसहरू आधुनिक कालको पूवार्द्धसम्म पशुपालन तथा कृषि पेसामा नै निर्भर थिए । पछिल्ला दिनहरूमा जो सरकारी सेवामा रहन्छन् उनीहरूले खान्कीको रूपमा जग्गा जमिन पाउने गर्दथे । यस सन्दर्भमा बानियाँले “जागिर वापत लमजुङको तान्द्राङ, वडहरे र रागनास, पर्वतको बागलुङ, सिमलचौर र रकिम बगुवा, गह्रौको बाह्रबिसे, पैंयुको कर्नास, मल्याङी र धुवाकोट, गुल्मीको रजस्थल तथा नुवाकोटको लिमी ज्ञादीको जग्गा भोग चलन गर्नु भन्ने रुक्का प्रदान गरिएको छ” (बानिया, २०७५, पृ. २६५) भन्ने उल्लेख गरेका छन् । यस तथ्यबाट जागिरस्वरूप यसरी जग्गा उपलब्ध गराउने चलन थियो भन्ने देखिन्छ । तर यो पनि असुविधा हुँदै गएकाले वि. सं. १९०८ मा तिर्जा व्यवस्था लागू गरी जागिर जग्गासम्बन्धी प्रशासन चलाउन कंपु तिर्जा अड्डा स्थापना गरियो । यस व्यवस्थाअनुसार जागिरेहरूलाई वर्षको दुई पटक धान बालीको मङ्सिरमा र गहुँ बालीको जेठमा तिर्जा वितरण गरिन्थ्यो । यो पनि असुविधा हुँदै गएपछि जागिरेहरूलाई तलबवापत नगद दिन थालियो । पछि वि. सं. १९८० मा जागिर जग्गालाई खारेज गरी सम्पूर्ण जग्गालाई रैकरमा परिणत गरियो (बानियाँ, २०७५) । हाल आएर सरकारी जागिरेहरूलाई जग्गा नभएर मासिक वा त्रैमासिक रूपमा तलबभत्ता प्रदान गर्ने व्यवस्था गरिएको छ ।

### नापतौल सम्बन्धि व्यवस्था

तत्कालीन समयमा आजकलको भन्दा छुट्टै प्रकृतिको नापतौलसम्बन्धी व्यवस्था भएको पाइन्छ । त्यसबेला मापनका लागि मुठी, चिम्टी, सेर, बिसौनी, धार्नी, माना, पाथी, कुरुवा आदिको प्रयोग हुने गर्दथ्यो । नाप तौलमा तलमाथि नहोस् र केही कसैलाई यसबाट मर्का नपरोस् भन्नका लागि यस प्रकार नापतौलका भाडाहरूमा राज्यको तर्फबाट छाप लगाउने प्रचलन पनि थियो । यसका लागि छापदार पदसमेत सिर्जना गरिएको थियो (श्रेष्ठ, २०५९) । त्यसबेला मापनका लागि प्रयोग गरिने मुठी, चिम्टी, सेर, बिसौनी आदि  भाडाहरू कुनै काठबाट बनेका हुन्थे भने कुनै भाडाहरू तामाको प्रयोग गरी बनाइएका हुन्थे ।

### वस्तुविनिमय प्रथा र मुद्राको प्रचलन

पर्वत राज्यमा त्यस बखत नुन, डाला, थुन्चे, डोको, भकारीलगायतका बस्तुहरूबाट आफूलाई चाहिने अन्न साट्ने प्रचलन थियो । अठारौँ शताब्दीको प्रारम्भदेखि पर्वत राज्यमा तामाका मुद्रा टङ्कन गर्न थालिएको भए तापनि यो केवल सीमित गाउँ र स्थानमा मात्रै प्रचलनमा आएको थियो । गाउँका कुना काप्चाहरूमा तामाका मुद्राहरू पाइँदैनथे । वस्तुविनिमय प्रथा नै प्रचलनमा देखिन्थ्यो । यसै सन्दर्भमा “पर्वत राज्यले प्रयोगमा ल्याएको डल्ले पैसा आजसम्म तोलाको तौलका लागि बजारमा प्रयोग हुँदैछ । पर्वतका राजाहरूले आफुले गरी दिएका कागजपत्र वा ताम्रपत्रहरूमा आफनो मुद्रा छाप लगाइदिने गरेको देखिन्छ तर मुद्रा भने उपलब्ध हुन सकेको छैन” (बानियाँ, २०७९, पृ. ११४) भनी उल्लेख गरिएको छ  । पर्वत राज्यमा मात्र नभएर तत्कालीन समयमा सर्वत्र वस्तुविनिमय प्रथा नै प्रचलनमा थियो । आफूसँग जेजस्ता वस्तुहरू छन् तिनैको प्रयोग गरी बस्तुले बस्तु साटासाट गरी आआफ्ना आवश्यकताहरू पूरा गरिन्थ्यो ।

### कर, जिन्सी, कुत

तत्कालीन समयमा भन्सार कर पर्वत राज्यको महत्त्वपूर्ण आयस्रोतका रूपमा रहेको थियो । जिन्सीमा समेत कर असुल हुने गर्दथ्यो । मल्ल (२०२६) का अनुसार त्यस ताक रैतीबाट जिन्सी तिरो उठ्थ्यो-अन्न, कपडा, धातु इत्यादि । दर्जामाफिक तिनै चिजहरू पाउँथे र जीवन निर्वाह गर्थे (पृ. ४९) । यस तथ्यबाट तत्कालीन पर्वत राज्यको कर व्यवस्थासम्बन्धी जानकारी प्राप्त हुन्छ । यसैगरी  श्रेष्ठ (२०५९) का अनुसार राजा मलेवमले आनन्द रेग्मीलाई सबै किसिमको कर माफी गरिदिएका थिए । वि. सं. १८३४ मा कीर्तिवमले आफ्ना गुरुलाई बिर्ता दिँदा ठेकी (जग्गा भोगका लागि गरिदिने लिखत बहालीपूर्जा गरी दिएवापत लाग्ने रकम), बेठ (राजकीय ओहोदामा रहेका वा जग्गाकर असुल गर्ने जिम्मेवारीमा रहेका मानिसले करदाताबाट लिन पाउने अतिरिक्त श्रमको अधिकार), दण्डकुण्ड, भूज्यालको सिर्तोसमेत सबै कर माफी गरिदिएका थिए (बानियाँ, २०७९, पृ. ११३) । यस तथ्यबाट पर्वत राज्यको कर, जिन्सी र कुतसम्बन्धी व्यवस्थाका बारेमा स्पष्ट हुन्छ ।

तत्कालीन पर्वत राज्यबाट बाहिर पठाउने सामानमा पनि कर लिइन्थ्यो । यसले त्यसबेला निकासी कर पनि आम्दानी स्रोत भएको देखाउँछ । त्यसबेलाका कर्मचारीलाई जागिरस्वरूप जग्गा दिने चलन थियो । जागिरेहरूले त्यस प्रकृतिको जग्गालाई कुतमा लगाउन पनि सक्थे । तर यसरी कुतस्वरूप उठेको रकमलाई तीन भाग लगाउनुपर्दथ्यो । राज्य, जागिरदार र मोहीलाई बराबर बाढ्नुपर्दथ्यो । अतः कुतस्वरूप पनि राज्यले आय आर्जन गर्ने गर्दथ्यो ।

### भूमिसम्बन्धी व्यवस्था

तत्कालीन पर्वत राज्यमा चार प्रकृतिको भूमिसम्बन्धी व्यवस्था प्रचलनमा थियो । राज्यले जग्गाको भोगचलन गर्न पाउने गरी लिखित निस्साप्रमाण पत्र कृषकले पाएको जग्गालाई रैकर भूमि भनिन्थ्यो । यस्तो जग्गा नागरिकले भोगचलन गर्न अधिकार पाए पनि उत्पादित अन्नको

सयकडा पाँच प्रतिशत राज्यलाई उपलब्ध गराउनुपर्दथ्यो । तत्कालीन समयमा बिर्ता भूमि पनि कायम थियो । गुरु, पुरोहित, पण्डित, भारदारलगायत उच्च ओहोदामा रहेकालाई बिर्ता जग्गा उपलब्ध गराइन्थ्यो । बिर्ता जग्गा पनि विभिन्न प्रकृतिको थियो, जस्तैः कुश बिर्ता, सुन बिर्ता, पोता बिर्ता आदि (Kirkpatrick, 2021) । पर्वत राज्यमा कुश ल्याइदिने ब्राहमणलाई कुश बिर्तावापत जग्गा दिइन्थ्यो । सरकारले सुन लिएर कर तिर्न नपर्ने गरी सुन बिर्तास्वरूप रैकर जग्गा उपलबध गराउँथ्यो । बिर्ता जग्गा बिक्री गर्न पाइन्थ्यो । तर जग्गा खरिद गर्नेले राज्यलाई कर भुक्तानी गर्नुपर्दथ्यो । यादव (२०५७) का अनुसार ढोडेनीदेखि निरहेसम्मको पाखो आचार्य ब्राहमणलाई कुश बिर्तास्वरूप दिइएको थियो । यसै गरी श्रेष्ठ (२०५९) ले उल्लेख गरेअनुसार मल्लले दरबारिया पण्डित प्रेमनिधि पन्त, रामेश्वर पण्डितलाई र कीर्तिवम मल्लले अवधुतसिंहलाई बागलुङ उपल्लाचौरलगायत विभिन्न स्थानहरूमा बिर्ता जग्गा उपलब्ध गराएका थिए (यादव, २०५७ र बानियाँ, २०७९) । जग्गा कृषकको नाममा भए पनि रैकर जग्गाको अधिकार राज्यको हुन्थ्यो । रैकर जग्गाबाट बिर्ता, गुठी वा जागिर दिनुपर्ने अवस्था आएमा बिना हर्जना मोहीबाट राज्यले लिन सक्ने समेत प्रावधान थियो । यसै गरी गुठी भूमि पनि प्रचलनमा थियो । यस प्रकारको जग्गामा राज्यको कर लाग्दैनथ्यो ।

संस्थाका नाममा राखिएको गुठी बिक्री वितरण गर्न नपाइने व्यवस्था थियो । अङ्सियारहरूका बिचमा यस प्रकृतिको जग्गाको अङ्शबन्डा गर्न पाइने व्यवस्था थियो । यसले तत्कालीन समयमा व्यक्तिगत गुठी जग्गा पनि भएको देखिन्छ । बानियाँ (२०५९) का अनुसार कीर्तिवम मल्लले बागलुङ भगवतीको पूजा चलाउनका लागि गुठी राखिदिएका थिए । गुठी जग्गामा बस्ने मानिसहरूलाई व्यापार र भन्सार करसमेत छुट थियो (पृ. १०९-११०) । यसैगरी तत्कालीन सरकारले काजीदेखि टहलुवासम्मका जागिरे मानिसहरूलाई तलबभत्ता उपलब्ध नगराई त्यसको सट्टामा सेवामा रहुन्जेलसम्मका लागि जागिर जग्गा उपलब्ध गराउँथ्यो । यस्तो जग्गा उपयोग गरेवापत जागिरेले राज्यकोषमा केही अंश राख्नुपर्ने व्यवस्था थियो ।

अहिले जेजे खेतीपाती र व्यापार व्यवसाय भएका छन्; त्यो त्यसबेलाको समयदेखि नै भएको पाइन्छ । यस सन्दर्भमा मल्लले "हिमालको काँठमा वसि भेडाच्याङ्ग्रा पाल्ने र व्यापार समेत गर्ने भोटे भनिने तामाङहरू कुनै उत्तर, कुनै हिमालको काँठैकाँठ पूर्व र पश्चिमबाट समेत घुसेका हुन्" (मल्ल, २०२८, पृ. ४२) भनी उल्लेख गरेका छन् । यसले तत्कालीन पर्वत राज्यमा जातिगत तथा पेसागत विविधता भएको पुष्टि गर्दछ । आठौँ वा नवौँ शताब्दीदेखि मगरहरूको पशुपालन व्यवसायबाट मात्र जीवीका नचलेकाले कृषि खेती समेत गर्दै आएको देखिन्छ (पृ. ४२-४३) । चौबीसे राज्यअन्तर्गतको पर्वत राज्य त्यतिबेला आत्मनिर्भर रहेको बुझिन्छ । भौगोलिक हिसाबले पर्वत राज्यमा माछेचरनदेखि डाफेचरनसम्मको जमिन रहेको छ । यस क्षेत्रमा नदीनाला, खोला, हिमाल, पहाड, मैदान सबै किसिमको भूभाग छ ।

**श्रमदान र लागत वचत**

तत्कालीन समयमा सार्वजनिक निर्माणका कार्यहरू प्रायः श्रमदानमा गर्ने गरिन्थ्यो । श्रमदानलाई अनिवार्य मानिएको थियो । बाटोघाटो, पुल, साँघु, पाटिपौवा, कुलो कुलेसो निर्माण गर्न सर्वसाधारण वर्गबाट अनिवार्य श्रमदान गराइन्थ्यो । त्यस बखत यस कार्यलाई झारा भन्ने चलन थियो । राजपरिवारमा रोपाई गर्न र दरबारमा निर्माणलगायत सबै प्रकृतिका कार्यहरू गर्न प्रत्येक घरबाट झारा जानुपर्ने व्यवस्था थियो । त्यतिबेला थाकमा सातसय घर भएका श्रेष्ठ (२०५९) ले उल्लेख गरेका छन् । सबैलाई श्रमदान वा झारामा लगाइन्थ्यो । वि.सं. १८६७ मा थापाथलिस्थित बागमतीको पूल निर्माण गर्न समेत नेपाल भरिबाट झारा बोलाइएको थियो । भिमपोखराका जनताहरू पाँच महिनासम्म झारामा जानु परेको थियो (पृ. १६२) । यसले राज्यलाई प्रत्यक्ष रूपमा आम्दानी त हुँदैनथ्यो तर राज्यले गर्नुपर्ने खर्च बचत हुन जाने भएकाले त्यसलाई राज्यले अन्यत्र लगाउन सक्दथ्यो । तर पर्वत राज्यमा हुलाकीलाई भने श्रमदान वा झारा गर्नुपर्ने अनिवार्य थिएन । यसबाट श्रमदान वा झारा पनि पर्वत राज्यको आम्दानीको प्रमुख स्रोत बनेको थियो भन्ने देखिन्छ ।

काठमाडौँ उपत्यकामा नेपालमण्डल नामक राज्यको स्थापना र त्यसको विस्तारकै क्रममा पूर्वमध्यकालमा धवलागिरि क्षेत्रमा धवलस्रोत र मंग्वर राज्य भएको उल्लेख गरिएको पाइन्छ । ती राज्यहरू लिच्छवीवंशका राजाहरूको प्रभावमा रहेका थिए (बानियाँ, २०७५) । यी क्षेत्र कहाँ थिए भन्ने बारेमा विद्वान्हरूका बिचमा मत भिन्नता देखिएको छ । तर पनि यी दुई क्षेत्र आसपासका क्षेत्र हुन् पनि भनिएको छ । हिमालको काखबाट बग्ने म्याग्दी नदी र रघुगङ्गाको आसपासको क्षेत्रलाई धवलस्रोत क्षेत्र र वर्तमान बागलुङ जिल्लाको निसीभुजी अर्थात् लाममेला र तमान मंग्वर क्षेत्रको केन्द्र भएको उल्लेख छ (बानियाँ, २०७५, पृ. १६-१७) । यी क्षेत्रहरूमा पनि पशुपालन र कृषि राज्यको आम्दानीको मुख्य स्रोत मानिन्थ्यो ।

## निष्कर्ष

तत्कालीन पर्वत राज्यको आर्थिक पक्षलाई विषय बनाएर लेखिएको प्रस्तुत लेख उक्त राज्यको आय स्रोत र यसको सङ्कलन प्रक्रियाको अध्ययनमा केन्द्रित रहेको छ । पर्वत राज्यको मुस्ताङमा झोपा र चौरी तथा पश्चिमी भेगमा गाई, भैँसी, भेडा, बाख्रा र घोडा पालन हुने गरेको पाइन्छ । यसलाई प्रवर्द्धन गर्नका लागि राज्यको तहबाट पर्वत गोठ अमाल नामक सरकारी अड्डासमेत स्थापना गरिएको देखिन्छ । त्यसबेला ताकम, दर्बाङ, छिस्बाङ, सिमलचौर, बाबियाँचौर, रणबाङ, बालौटे, लुङ्दी, पाङ, बागलुङ, ढोरेनीलगायतका खेतका फाँटहरूमा मकै, कोदो, जौ,

गहुँ र अन्य कोसेबालीहरू प्रशस्त उत्पादन हुने गरेकाले पर्वतले खाद्यान्न निर्यात गर्ने गरेको देखिन्छ । यसलाई थप प्रर्वधन गर्न राजकुलो पनि व्यवस्था गरिएको पाइन्छ । परम्परित प्रकृतिका खाद्यान्न तथा कोसेबालीहरू उत्पादन गर्ने पर्वत राज्यका मानिसहरूको जिउने मुख्य आधार कृषि व्यवसाय थियो भन्ने अध्ययनबाट देखिएको छ । यहाँका विद्यमान उर्वर खेतको अवस्थाले तत्कालीन समयमा पनि यो राज्य आत्मनिर्भर थियो भन्ने स्पष्ट हुन्छ । यस राज्यबाट राडी, पाखी, कम्बल, तामाका भाँडाकुडा र हतियारहरूका साथै गाँजा पनि निर्यातको वस्तु थियो भन्ने देखिएको छ । तत्कालीन पर्वत राज्यमा मानिसहरू खानी खन्ने, धाउ गाल्ने, भाडाकुडा बनाउने, गोलमाटो बोक्ने, पैसा काट्ने लगायतका कार्यमा संलग्न भएका एवम् जागिर स्वरूप कर्मचारिलाई जग्गा उपलब्ध गराउने चलन रहेको पनि देखिएको छ । तत्कालीन पर्वत राज्यमा तामाका मुद्रा चलनचल्तीमा भए पनि ग्रामीण बस्तीमा वस्तुविनिमय प्रथा नै प्रचलनमा रहेको अध्ययनबाट स्पष्ट देखिएको छ । त्यसबेला राज्यले रैतीबाट जिन्सी तिरोको रूपमा अन्न, कपडा, धातु उठाउने प्रचलन रहेको र बाटोघाटो, पुल, साँघु, पाटिपौवा, कुलो कुलेसो निर्माण गर्न सर्वसाधारण वर्गबाट अनिवार्य श्रमदान गर्नुपर्ने व्यवस्था कायम भएको पनि देखिएको छ । पर्वत राज्यको इलाका हुँदै बग्ने खोला र नदीहरूको बालुवामा सुन पाइने र सो आसपासका क्षेत्रमा पच्चीसओटा भन्दा बढी तामाखानीहरू सञ्चालनमा आएका पनि पाइएको छ । यी सबै तथ्यहरूलाई आधार मान्दा तत्कालीन पर्वत राज्य आत्मनिर्भर देखिन्छ । विगतको उपलब्धिबाट पाठ सिकेर अगाडि बढ्न सकेमा वर्तमान संघीय संरचनामा हरेक स्थानीय तह तथा प्रदेशलाई आत्मनिर्भर बनाउन र आर्थिक समुन्नतिको बाटोमा अगाडि लैजान सकिन्छ ।

## सन्दर्भसामग्री सूची

उपाध्याय, रामप्रसाद (२०७४), *पर्वतको आर्थिक इतिहास (वि.सं.१८४३-२००७ सम्म),* अप्रकाशित विद्यावारिधि शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय ।

खड्का, विदुर (२०७५), *बागलुङका पवार खड्का,* सुगङ्गा प्रकाशन ।

खनाल, मोहनप्रसाद (सम्पा.), (२०२६), *इतिहास प्रभात,* भाग १, लेखक स्वयम् ।

गण्डकी प्रदेश सरकार (२०७८), *गण्डकी प्रदेशका धार्मिक साँस्कृति सम्पदा,* प्रदेश सरकार शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश ।

बज्राचार्य, धनबज्र (सम्पा.), (२०५३), *लिच्छवीकालका अभिलेख,* नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

बैद्य, तुलसीराम र भद्ररत्न बज्राचार्य (२०५५), *मध्यकालीन नेपालको प्रशासनिक इतिहास (८७९-१६६९ ई.),* नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

बानियाँ, कर्णबहादुर (२०७५), *म्याग्दीको इतिहास, सँस्कृति र सम्पदा,* विष्णुदेवी बानियाँ, भरतपुर ।

बानियाँ, चन्द्रप्रकास (२०७९), *चौबीसी राज्य पर्वत : शिलान्यास, विस्तार, विभाजन र विस्थापन,* शिखा बुक्स ।

तथ्याङ्क कार्यालय बागलुङ (२०८०), *जिल्ला वस्तुगत विवरण : म्याग्दी,* नेपाल सरकार, तथ्याङ्क कार्यालय ।

यादव, पिताम्बरलाल (२०५७), *नेपालको राजनैतिक इतिहास,* एघारौं संस्करण, विजयकुमार विहार ।

श्रेष्ठ, टेक बहादुर (२०४२), *पर्वत राज्यको ऐतिहासिक रूपरेखा,* नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

श्रेष्ठ, टेकबहादुर (२०३१), *पर्वतका केही ताम्रपत्र,* कन्ट्रिब्युसन्स टु नेपालिज स्टडिज, वर्ष ३, अङ्क २ ।

श्रेष्ठ, टेकबहादुर (२०५९), *पर्वत राज्यको ऐतिहासिक रूपरेखा,* नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

मल्ल, मोहनबहादुर (२०२८), *पर्वतको इतिहास,* प्राचीन नेपाल, अङ्क १६, पृ. ४२-५३ ।

मल्ल, मोहनबहादुर (२०३३), *सिञ्जा इतिहासको गोरेटो,* नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ।

शर्मा मैत्रय, विष्णुप्रसाद (२०५१), *बागलुङको ऐतिहासिक रूपरेखा,* धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान ।

नेभा, बालकृष्ण (सम्पा.), (२०२६), *बुकी,* नेपाली साहित्यकार सम्पर्क समिति ।

रेग्मी, जगदिशचन्द्र (२०२६), *लिच्छवी सँस्कृति,* रत्न पुस्तक भण्डार ।

सिलवाल, सुदर्शन र हिरालाल रेग्मी (२०६३), *अर्थशास्त्रको सिद्दान्त,* अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

सिलवाल, सुदर्शन (२०७४), *बागलुङ विकासको सम्भावित मोडल,* जी. के. फाउन्डेसन, भरतपुर ।

योगी, नरहरिनाथ (२०१२), *इतिहास प्रकाश,* अङ्क १, इतिहास प्रकाशक मण्डल ।

Kirkpatrick (2021). *An account of the kingdom of Nepal (*New Edition 2021). Educational Publishing House.

**Ethical approval for the research:** Not applicable
**Consent for publication**: Not applicable
**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research
**Ethical conduct of research:** This paper is written ethically

**Author's Bio-note:**
Sudarshan Silwal is an Associate Professor of Economics, at Tribhuvan University, Nepal. He has got PhD in Local finance. His area of study is municipal finance and development studies.